**निर्णय नं.१**

कर्जन्हा नगरपालिकाको आर्थिक विधेयक २०७८ लाई स्वीकृत गरि पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.२**

कर्जन्हा नगरपालिकाको विनियोजन विधेयक २०७८ लाई स्वीकृत गरि पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.३**

कर्जन्हा नगरपालिकाको केन्द्र कर्जन्हा नगरपालिका कर्जन्हा बजार नजिक रहेको पोखरी नजिकको साविकको वडहरामाल गाविस वडा नं. ५ कित्ता नं. १३७ भएको जग्गामा केन्द्र कायम गर्ने निर्णय भएको हुँदा नगरपालिकाको प्रशासनिक भवन निर्माणको कार्य यथासिघ्र सुरु गर्ने सर्बसहमतिले निर्णय गरियो ।

**निर्णय नं.४**

आ.व. २०७८/०७९ मा कर्जन्हा नगरपालिकामा नेपाल सरकार, प्रदेश सरकारबाट प्राप्त हुने शसर्त अनुदान तर्फको रकम तोकिएको कार्यक्रम र विनियोजित वजेट अनुसारनै खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं.५**

आ.व. २०७८/०७९ मा कर्जन्हा नगरपालिकामा अन्य निकायबाट प्राप्त हुने शसर्त निर्षत अनुदान तर्फको रकम नगरकार्यपालिकाको निर्णयानुसार खर्च गर्ने गरी कार्यपालिकालाई अख्तियार प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.६**

यस कर्जन्हा नगरपालिकाको नगर कार्यपालिकाबाट पारित गरि सातौं नगर सभाबाट अनुमोदन हुने र राजश्व समितिको सिफारिस बमोजिम कर, दस्तुर र अन्य शुल्कहरु मिति २०७८/०४/०१ देखि लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं.७**

यस कर्जन्हा नगरपालिकाको सातौं नगर सभाबाट स्वीकृत बजेट तथा कार्यक्रमहरु पारित विनियोजन ऐन २०७८ बमोजिम कार्यपालिका बैठकबाट आवश्यकता र औचित्यका आधारमा संशोधन, रकमान्तर र परिमार्जन गर्न अख्तियारी नगर प्रमुखलाई दिने निर्णय गरियो ।

**निर्णय नं.८**

आ.व. २०७७/०७८ मा  नगरकार्यपालिकाको वैठकबाट भए गरेका सम्पुर्ण निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.९**

कर्जन्हा नगरपालिकामा आर्थिक अभाव लगायत विभिन्न कारण दलित गरिब समुदायको घरमा विद्युत मिटर जडान हुन नसकेको घर परिवारहरुलाई पहिचान गरि नगरपालिकाले नि:शुल्क रुपमा विद्युत मिटर जडान गर्ने निर्णय गरियो ।

**निणर्य नं.१०**

कर्जन्हा नगरपालिकामा मापदण्ड अनुसार वास्तविक सुकुम्वासीहरुलाई पहिचान गरि जग्गाको लाल पुर्जा उपलब्ध गराउन आवश्यक कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं.११**

कर्जन्हा नगरपालिका वडा नं. ११ को स्वास्थ्य चौकी वगहामा कार्यालय सहयोगीको रुपमा कार्यरत रहेको शिव कुमार यादवलाई आ.ब.२०७८।०७९ को श्रावण महिना देखि लागुहुने गरि कर्जन्हा नगरपालिकाको अन्य का.स.सरहको सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१२**

कर्जन्हा नगरपालिकालाई आवश्यक फोहर मैला व्यवस्थापनको लागि तथा आवश्यक कार्यालय सहयोगि मालि, इलेक्ट्रीक सियन, पलम्वर, ड्राइभर, चौकी दार, सहयोगी लगायतका श्रेणी विहिन पदका कर्मचारीहरु प्रकृया पुरयाई करारमा नियुक्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३**

कर्जन्हा नगरपालिकाको गरिब दलित जेहनदार विद्यार्थीहरुलाई एम.बी.बी.एस र इन्जीनियर पढ्नका लागि दलित गरिब शिक्षा कार्यक्रम अन्तर्गत यस आ.ब.मा एक/एक जना एम.बी.बी.एस र इन्जीनियर पढ्ने विद्यार्थीलाई आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४**

कर्जन्हा नगरपालिकाको कर्जन्हा बजारमा कर्जन्हा नगरपालिकाको सहयोगमा निर्माण भएको राष्ट्रिय दलित पत्रकार संघ सिरहा शाखाको भवन राष्ट्रिय दलित पत्रकार संघ शाखा कार्यालय कर्जन्हालाई हस्तान्तरण गर्ने र संघको दोश्रो तल्लाको कोठाहरु तथा छत राष्ट्रिय दलित पत्रकार संघ शाखा कार्यालय कर्जन्हाको सहमति बमोजिम सामुदायिक रेडियो गंगाजलको स्टुडियो, टावर लगायतका समाग्री स्थापना तथा रेडियो गंगाजल व्यवस्थापन संचालनका लागि सहमति दिने निर्णय गरियो ।

**निर्णय नं.१५**

यस नगर कार्यपालिकाको आ.ब.२०७८।०७९ को नीति कार्यक्रम बजेट पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६**

यस नगरपालिकामा आ.ब.२०७८।०७९ मा संचालन हुने वडागत योजनाहरु वडा समितिको निर्णय अनुसार संचालन गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं.१७**

यस कर्जन्हा नगरपालिकामा गठन भएको नगर प्रमुखको सचिवालयलाई अगामी आ.व.मा समेत निरन्तरता दिई सचिवालयको लागि शाखा स्थापना गरि नगर प्रमुख ज्यूको विभिन्न कार्यहरु गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं.१८**

कर्जन्हा नगरकार्यपालिकाको छैठो नगर सभाबाट पारित नगर स्तरीय तथा वडागत योजनाहरु तथा उक्त योजनाहरुको विनियोजित रकममा विभिन्न मितिमा कार्यपालिकाबाट निर्णय गरि संशोधन भएका योजना तथा विनियोजित बजेट समेतलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९**

कर्जन्हा नगरपालिकाको स्वास्थ्य शाखा प्रमुखलाई थप जिम्मेवारी नि.प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारि दिई कार्यालयको कामकाज विहान बेलुका गरि नगरपालिकाको विकास निर्माण लगायतका कार्यमा सहयोग गरेको हुँदा मिति २०७७ असोज महिना देखि थप सेवा सुविधा वाप्त प्रतिमहिनाको १० हजारका दरले उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२०**

कर्जन्हा नगरपालिकाको दलित, गरिब तथा असहाय बर्ग लगायत समस्या तथा विपद्मा परेका विभिन्न व्यक्तिहरुलाई आर्थिक सहायताका लागि कार्यबिधि बनाई आर्थिक सहयोग नगर प्रमुख ज्यूबाट टिप्पणी सदर गराइ आर्थिक सहायता गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**

चालु आ.ब.२०७७।०७८ को विभिन्न मितिमा नगर कार्यपालिकाबाट भए गरेका निर्णयहरु तथा नगर कार्यपालिकाको कार्यालयबाट हाल सम्म भए गरेका सम्पुर्ण प्रशासनीक तथा आर्थिक कार्यहरु सम्बन्धी निर्णय एवं कार्यहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२**

तपशिल बमोजिमका ऐन, नियमावली, कार्यविधिहरु स्विकृत गरी नगरसभामा अनुमोदन तथा स्विकृतीको लागि पेश गर्ने निर्णय गरियो ।

१) नगरपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि
२) नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्यसञ्चालन कार्यविधि
३) नगरपालिकाको स्थानीय राजस्व परामर्श समितिको कार्यसञ्चालन कार्यविधि

**निर्णय नं. २३**

एक गाउँ एक प्राविधिकहरुको तलब भत्ताको लागि कृषि तथा पशुपंक्षी विकास मन्त्रालयबाट व्यवस्थापन हुने रकम बराबरको रकम नगरपालिकाबाट थप गर्ने निर्णय गर्ने एम आई एस अपरेटर र फिल्ड सहायकको एक चौमासिक तलब नगरसभाबाट दिने निर्णय गरियो ।

**निर्णय नं. २४**

वडा तथा नगरबाट सञ्चालन हुने विकास निर्माणका कार्यहरु आवश्यक पर्ने जनशक्ती रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार श्रमिमबाटै खटाई बेरोजगारीको समस्या न्यूनिकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५**

कर्जन्हा नगरपालिकाको सातौं नगर सभावाट निर्णय हुन नसकेका वा निर्णय हुन छुट भएका आवश्यक पर्ने थप निर्णय गर्नु परेमा कार्यपालिकाबाट निर्णय गराई अगामी नगर सभाबाट अनुमोदन हुने गरी लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६**

घाटा बजेट पारित भएकोले विशेष नगर सभाबाट अनुमोदन हुनेगरि बजेट संसोधन तथा रकमान्तर गरि अल्या बैंक मौजदात अनुमानित बजेटबाट योजनाहरु संसोधन तथा रकमान्तर गरी संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७**

कर्जन्हा नगरपालिकामा विगत देखि नै कार्य गरिरहेका करारका कर्मचारीहरुको म्याद कार्य सम्पादनको आधारमा आ.ब.२०७८/२०७९ सम्मको आर्थिक मसान्त सम्मका लागि म्याद थप गर्ने र करारका कर्मचारीहरुलाई समेत महगी भत्ता, दशैं खर्च, पोशाक खर्च लगायतका सेवा सुविधाहरु नेपाल सरकारको नियमानुसार सेवासुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २८**

कर्जन्हा नगरपालिकाको लागि आवश्यक नियमावली, निर्देशिका, मापदण्ड लगायत निति नियम ऐन कानुन बनाइ कार्यान्वयन गर्ने अख्तियारी नगर कार्यपालिकालाई दिने निर्णय गरियो ।

**निर्णय नं. २९**

कर्जन्हा नगरकार्यपालिका, न्यायिक समिति नगर प्रमुख लगायत वडा कार्यालयलाई विपक्षी वनाई दायर हुने मुद्दाहरुको ड्राफ उजुरी लिखित प्रतिवाद गर्ने कार्यका लागि कानुन व्यवसायीलाई आवश्यकता पर्ने भएकोले एक जना कानुनी सल्लाहकारको सेवा करारमा लिने कानुनी सल्लाहकारको सेवा सुविधा आपसी समझदारी अनुसार उपलब्ध गराइ नगर प्रमुखको निर्देशन अनुसार खटाउने निर्णय गरियो ।

**निर्णय नं. ३०**

यस कर्जन्हा नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई कार्य सम्पादन तथा मुल्यांकनको आधारमा प्रोत्साहन स्वरुप प्रत्येक वर्ष एक महिनाको तलवमा नवढने गरि रकम उपलब्ध गराउने र नगरसभामा खटेका कर्मचारीहरुलाई थप एक महिनाको तलब उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३१**

कर्जन्हा नगरपालिकाको आ.व २०७७/०७८ मा विनियोजित योजना तथा कार्यक्रमहरुको बजेटलाई संचित कोष खातामा जम्मा गरि राख्ने निर्णय गरियो ।

**निर्णय नं. ३२**

कर्जन्हा नगरपालिकामा पशु क्षेत्रको विकासका लागि पशु नशल सुधार कार्यविधि २०७८ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३३**

कोरोना भाइरस कोभिड १९ को अवस्थामा कर्जन्हा नगरपालिकाको क्वारेन्टाइनमा मिति २०७७ साउन र भदौ महिनामा खटेका स्वास्थ्यकर्मीहरुको तलब मानको ५० प्रतिशत रकममा नबढ्ने गरि उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३४**

कर्जन्हा नगरपालिकामा आ.ब.२०७७।०७८ मा सम्पन्न हुन नसकेका योजनाहरुको कार्य गर्नका लागि टिप्पणी उठाई म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३५**

कर्जन्हा नगरपालिका अन्तर्गत रहेको कमला नदीको आ.ब.२०७८।०७९ का लागि आइ इ इ पास भए बमोजिम कमला नदीको दररेट रु.३.५ का दरले प्रति घन फिटका दरले कमला नदी ठेक्का लगाउने निर्णय गरियो ।

**निर्णय नं. ३६**

कञ्चनपुर देखि कमला नदी सम्म निर्माणभइ रहेको पुर्व पश्चिम राजमार्गका लागि ग्राभेल कमला पुलभन्दा माथि र उत्तरवाहिनीभन्दा तल मापदण्ड बमोजिम ग्राभेल उपलब्ध गराउने र नियमानुसार दरस्तुर लिने निर्णय गरियो ।

**निर्णय नं. ३७**

कृषि शाखामा कार्यरत रहेको शाखा अधिकृत फुल कुमार साहलाई कर्जन्हा नगरपालिकाको कृषि शाखामा आवश्यक कार्य गर्नका लागि मिति २०७८ श्रावण महिना देखि लागुहुने गरि नगरपालिकाको आपसि समझदारी बमोजिम कामकाजमा खटाउने निर्णय गरियो ।

**निर्णय नं. ३८**

कर्जन्हा नगरपालिकाको आ.ब.२०७४।०७५ देखि आ.ब.२०७६।०७७ को पेश्की बेरुजु, अनियमित बेरुजु र असुल बेरुजुलाई कर्जन्हा नगरपालिकाको वडा नं. ८ को वडा अध्यक्ष प्रकाश अधिकारीको अध्यक्षतामा बेरुजु फरच्छयौट समिति गठन गरि हाल सम्मको बेरुजु फरच्छयौट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३९**

कर्जन्हा नगरपालिकाको आ.ब.२०७८।०७९ मा घाटा बजेट पारित भएकोले विशेष नगर सभाबाट अनुमोदन हुनेगरि बजेट संसोधन तथा रकमान्तर गरि अल्या बैंक मौजदात अनुमानित बजेटबाट योजनाहरु संसोधन तथा रकमान्तर गरी संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४०**

कर्जन्हा नगरपालिकाको आ.ब.२०७८।०७९ मा कर्मचारीहरुलाई थप सेवासुविधा उपलब्ध गराउनुपरेमा सो सम्बन्धी आवश्यक कार्यविधि निर्माण गरि प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४१**

कर्जन्हा नगरपालिकाको आ.ब.२०७८।०७९ मा जिल्ला दररेटको सहयोगमा स्थानिय दररेट बनाई पारित गरि लागु गर्ने निर्णय गरियो ।

कर्जन्हा नगरपालिका